# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) वीरेन्द्रनगर, सुर्खेत, पुष २९ गते, २०७८ साल (अतिरिक्ताङ्क २६

## भाग-२

## कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

## कर्णाली प्रदेश प्रसारण (दोस्रो संशोधन) नियमावली, २०७८

कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश प्रसारण (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ को नियम ८ मा संशोधन**</u>ः कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ (यसपछि “मूल नियमावली” भनिएको) को नियम ८ को उपनियम (३) मा रहेका "दुई प्रतिशतले" भन्ने शब्दहरूको सट्टा "एक प्रतिशतले" भन्ने शब्दहरू राखिएका छन्।

३. <u>**मूल नियमावलीको नियम ९ मा संशोधन**</u>ः मूल नियमावलीको नियम ९ को उपनियम (३) मा रहेक "दुई प्रतिशत" भन्ने शब्दहरूको सट्टा "एक प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आज्ञाले,

झक्क प्रसाद आचार्य

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित